आज मिति २०७६ साल जेठ महिनाको ७ गते मंगलवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक यस नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री मिरा जोशीज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| का.वा. प्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री सुनसरी गुरुङ | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री दिनेशराज पन्त | उपस्थित |
| उपसचिव | श्री नगेन्द्र प्रसाद रेग्मी | उपस्थित |
| वरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थिति |
| अधिकृत सातौं | श्री राजेन्द्र कार्की | उपस्थिति |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| शाखा अधिकृत | श्री कृष्णराज घिमिरे | उपस्थिति |

**प्रस्तावहरु**

प्रस्ताव नं. (१) नारेश्वर तालको लागि आवश्यक थप जग्गा खरिद सम्बन्धमा ।
प्रस्ताव नं. (२) आधारभूत स्वास्थ्य केन्द्र निर्माण सम्बन्धमा ।
प्रस्ताव नं. (३) आधारभूत स्वास्थ्य केन्द्रको लागि कर्मचारी पदपूर्ति गर्न समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं. (४) आधारभूत स्वास्थ्य केन्द्रको लागि कर्मचारी पदपूर्ति सम्बन्धमा ।
प्रस्ताव नं. (५) वडा नं.७ को कार्यालय भवन निर्माण स्थल योजनाको सम्झौता अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं. (६) आ.व.२०७६/०७७ को नगर सभाको कार्यक्रम स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं. (७) विभिन्न ऐनहरु संशोधन एवं निर्माण सम्बन्धमा ।
प्रस्ताव नं. (८) कार्यक्रम सञ्चालनको लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. (९) गणतन्त्र दिवस मनाउने सम्बन्धमा ।
प्रस्ताव नं. (१०) सत्यसाई निर्माण सेवा प्रा.लि.को निर्माण सम्बन्धी इजाजत पत्र अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं. (११) शिक्षकहरुको पदस्थापन सम्बन्धमा ।
प्रस्ताव नं. (१२) शिक्षक सरुवा सम्बन्धमा ।
प्रस्ताव नं. (१३) प्रधानाध्यापक नियुक्ति सम्बन्धमा ।
प्रस्ताव नं. (१४) स्वास्थ्य संस्था नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं. (१५) शहरी स्वास्थ्य केन्द्र स्थानान्तरण सम्बन्धमा ।
प्रस्ताव नं. (१६) होमस्टेहरुको पूर्वाधार निर्माणको लागि लागत सहभागिता व्यहोर्ने सम्बन्धमा ।
प्रस्ताव नं. (१७) एकीकृत शहरी विकास योजना (IUDP) को म्याद थप सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ को सम्बन्धमा छलफल हुँदा यस नगरपालिका र प्रदेश सरकारको सह-लगानीमा यस नगरपालिकाको वडा नं.१० अन्तर्गत दुम्सीचौरमा निर्माण प्रस्ताव गरिएको नारेश्वर बहुउद्देश्यीय कृतिम तालको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार भइसकेको र उक्त प्रतिवेदनमा हाल ताल निर्माणको लागि प्रस्तावित स्थानको जग्गा नपुग हुने भनी सुझाव समेत औंल्याइएको हुँदा ताल निर्माणको लागि प्रस्तावित नापी नक्सा र कित्ताहरुसँग जोडिएका कित्ताहरु मध्येबाट बढीमा ३० रोपनी जति जग्गा खरिद गर्न नियमानुसार खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट यस नगरपालिकाको वडा नं. १, २, ४, ५, ७ र १० मा आधारभूत स्वास्थ्य केन्द्र स्थापनार्थ स्वीकृत भई आएको बजेट र मार्गदर्शनको सिमा भित्र रहने गरी भवन निर्माणको लागि नियमानुसार बोलपत्र आव्हान सूचना प्रकाशित गर्ने निर्णय गरियो । साथै देहाय बमोजिम स्वास्थ्य केन्द्रहरुको नामाकरण गरी नयाँ भवन निर्माण नहुँदासम्म देहायका स्थानहरुमा नै घर भाडामा लिई स्वास्थ्य केन्द्रहरु सञ्चालन गर्ने र स्वास्थ्य केन्द्रहरु स्थापना गर्न आवश्यक पर्ने स्वास्थ्य औजार तथा उपकरण र अन्य आवश्यकीय सामाग्रीहरु खरिदको लागि सम्बन्धित वडा कार्यालयहरुलाई जिम्मा दिने र सोको खर्च व्यवस्थापन सम्बन्धित शीर्षक अन्तर्गत प्राप्त हुन आएको बजेट खर्च शीर्षकबाट व्यवस्था मिलाउने समेत निर्णय गरियो ।

| क.सं. | स्वास्थ्य केन्द्रको नाम | स्वास्थ्य केन्द्रको ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | चारकुने आधारभूत स्वास्थ्य केन्द्र | चारकुने वडा नं.१ | |
| २. | केराबारी आधारभूत स्वास्थ्य केन्द्र | केराबारी वडा नं.२ | |
| ३. | सिमलटार आधारभूत स्वास्थ्य केन्द्र | सिमलटार वडा नं.४ | |
| ४. | पतेनी आधारभूत स्वास्थ्य केन्द्र | पतेनी वडा नं.५ | |
| ५. | पाथ्रा आधारभूत स्वास्थ्य केन्द्र | पाथ्रा वडा नं.७ | |
| ६. | दुम्सी बजार आधारभूत स्वास्थ्य केन्द्र | दुम्सी बजार व्यास वडा नं.१० | |

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा यस नगरपालिकाका विभिन्न वडामा स्थापना हुने नयाँ आधारभूत स्वास्थ्य केन्द्रको लागि स्वीकृत भई आएको जनशक्ति दरबन्दी तालिकालाई आधारमानी यस नगरपालिकाको आवश्यकता र औचित्यका आधारमा निम्नानुसारका पदहरुमा करार सेवामा कर्मचारीहरुको पदपूर्ति गर्ने कार्यका लागि देहाय बमोजिमको पदपूर्ति

समिति गठन गर्ने साथै सम्बन्धित निकायहरुसँग समन्वय गरी पदपूर्तिको आवश्यक व्यवस्था मिलाउन पदपूर्ति समितिलाई निर्देशन दिने निर्णय गरियो ।

१. प्रमुख प्रशासकीय अधिकृत श्री दिनेशराज पन्त संयोजक
२. जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि सदस्य
३. शाखा अधिकृत श्री मेघनाथ आचार्य सदस्य सचिव

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा यस नगरपालिकाका विभिन्न वडामा स्थापना हुने नयाँ आधारभूत स्वास्थ्य केन्द्रको लागि स्वीकृत भई आएको जनशक्ति दरबन्दी तालिकालाई आधारमानी यस नगरपालिकाको आवश्यकता र औचित्यका आधारमा निम्नानुसारका पदहरुमा करार सेवामा कर्मचारीहरुको पदपूर्ति गर्ने कार्यका लागि नियमानुसार सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| सि.नं. | पद/श्रेणी | सेवा/समूह | माग संख्या |
|---|---|---|---|
| १. | हे.अ./स.पाँचौं सेवा करार | स्वास्थ्य हे.ई. | २ |
| २. | स्टाप नर्स/स.पाँचौ सेवा करार | स्वास्थ्य प.हे.न. | २ |
| ३. | अ.हे.व./स. चौथो सेवा करार | स्वास्थ्य हे.ई. | ४ |
| ४. | अ.न.मी./स.चौथो सेवा करार | स्वास्थ्य प.हे.न. | ४ |
| ५. | कार्यालय सहयोगी | श्रेणी बिहिन | ६ |

**निर्णय नं.५:** प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको वडा नं. ७ मा निर्माणाधीन वडा कार्यालय भवनको भवन निर्माण स्थलको जमिन उकास्ने तथा सम्याउने कार्यका लागि प्राविधिकद्वारा तयार पारिएको कूल लागत अनुमान रू.१०,४६,२१२।१५ मध्ये रु.१,१३,३९२।१५ बराबरको रकम जनसहभागिता वापत स्थानीय उपभोक्ता समितिले व्यहोर्ने गरी मिति २०७६/१/२५ गते कार्यालयबाट भएको सम्झौता अनुमोदन गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा २०७६ आषाढ १० गते हुने नगर सभामा आर्थिक बर्ष २०७६/०७७ को बजेट नीति तथा कार्यक्रम पारित गर्नको लागि प्रस्तावहरु तयार गरी पेश गर्ने कार्यका लागि देहाय बमोजिमको कार्यक्रम तालिका स्वीकृत गर्ने निर्णय गरियो ।

- वडागत वस्तीस्तरीय योजना संकलन: २०७६ बैशाख महिना भित्र (कार्य सम्पादन भइसकेको)
- वडाबाट योजनाहरु प्रस्ताव गरी पेश गर्ने: जेष्ठ १० गते भित्र
- राजश्व परामर्श समितिबाट आन्तरिक तथा बाह्य श्रोत अनुमान तयार गर्ने: जेष्ठ १४ गते
- श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक आयोजना: जेष्ठ १७ गते
- सबै विषयगत समितिले योजना पेश गर्ने: जेष्ठ २१ गते भित्र
- बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक: जेष्ठ २६ गते
- एकिकृत योजना तर्जुमा बैठक: जेष्ठ ३१ गते
- नगर सभाको अन्तिम तयार बैठक: आषाढ ७ गते
- नगर सभामा नीति, कार्यक्रम तथा बजेट प्रस्तुत: आषाढ १० गते
- नगर सभामा पेश गर्ने ऐन तथा नीतिगत प्रस्तावहरु आषाढ ४ को बैठकमा पेश गर्ने

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको यस अघिका नगरसभाबाट पारित विभिन्न ऐन नियम, कार्यविधी तथा निर्देशिकाहरुमा समयानुकूल यस नगरपालिकाको आवश्यकता अनुसार संशोधन प्रस्ताव तयार गरी पेश गर्न तथा आवश्यकीय अन्य विधेयकहरुको मस्यौदा प्रस्ताव तयार गरी पेश गर्न यस नगरपालिकाको विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा एकिकृत समाज विकास नेपालको च.नं.१४ मिति २०७६/०२/०५ को पत्रद्वारा अनुरोध भई आएअनुसार घरेलु तथा साना उद्योग विकास समिति तनहुँको आर्थिक सहयोग तथा उल्लेखित संस्थाको आयोजनामा यस नगरपालिकाको वडा नं.५ मा गरिबी निवारणको लागि लघु

उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत सिप विकास सम्बन्धी कार्यक्रमहरु समेत सञ्चालन गर्न अनुमति प्रदान गर्ने साथै सोको लागि आवश्यक सहयोग समन्वय समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा 'गणतन्त्र दिवस २०७६' मनाउने सम्बन्धमा भएको जिल्ला मूल समारोह समितिको निर्णय बमोजिम आवश्यक सहयोग र समन्वय गरी गणतन्त्र दिवस भव्य रुपमा मनाउने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास २ निवासी पूर्णबहादुर श्रेष्ठको माग निवेदन अनुसार निजका नाउँमा स्वामित्व रहने गरी प्रदान गरिएको श्री सत्यसाई निर्माण सेवा प्रा.लि. नामको 'घ' वर्गको निर्माण सम्बन्धी इजाजत पत्रको सम्पूर्ण प्रकृया अनुमोदन गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा विद्यालयको दोहोरो सहमति र स्थानीय तहको सिफारिस सहित रिक्त दरबन्दीमा सरुवाका लागि पेश भएका निवेदनका आधारमा नगर प्रमुख स्तरको मिति २०७६/०१/३० गतेको निर्णय अनुसार काज सरुवा गरिएका तपसिलका शिक्षकहरुलाई काज सरुवा गरिएकै विद्यालय र दरबन्दीमा पदस्थापन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | शिक्षकको नाम | हाल कार्यरत विद्यालय | सरुवा तथा काज सरुवा गरिएको विद्यालय | तह श्रेणी | विषय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | तिलसरा थापा आले | शहिद गंगा मा.वि. ऋषिङ २ | सिन्धु प्रा.वि. व्यास ५ | प्रा.तृ. | | स्थायी |
| २ | मनुमायाँ के.सी. | अमरसिंह मा.वि. व्यास ११ | चण्डिका आ.वि. व्यास ११ | प्रा.तृ. | | करार |
| ३ | बुद्धि बहादुर बराली | सत्यदेवी प्रा.वि. घिरिङ ४ | जनता आ.वि. व्यास १० | प्रा.तृ. | | स्थायी |
| ४ | शिवराज ढकाल | वुद्ध जयन्ती प्रा.वि. भानु १० | जनता आ.वि. व्यास १० | प्रा.तृ. | | स्थायी |
| ५ | विमला श्रेष्ठ | वालशिक्षा निकेतन मा.वि. ऋषिङ ८ | वसन्त आ.वि. व्यास ११ | प्रा.तृ. | | स्थायी |
| ६ | सुनिता देवकोटा | विष्णु आ.वि. घिरिङ २ | मत्स्यकन्या आ.वि. व्यास १२ | नि.मा.तृ. | अंग्रेजी | स्थायी |
| ७ | वेद बहादुर थापा | जयनेपाल आ.वि. भिमाद ८ | क्यामिन मा.वि. व्यास ७ | नि.मा.तृ. | विज्ञान | |
| ८ | गीता देवी पौडेल | विजय आ.वि. म्याग्दे १ | इन्दु मा.वि. व्यास ६ | नि.मा.तृ. | अंग्रेजी | |
| ९ | शारदा देवी पौडेल वाग्ले | शहिद गंगा मा.वि. ऋषिङ २ | वाराही मा.वि. व्यास ११ | नि.मा.तृ. | नेपाली | |
| १० | जुनु भुजेल वि.क. | शहिद गंगा मा.वि. ऋषिङ २ | अमरसिंह मा.वि. व्यास ११ | नि.मा.तृ. | अंग्रेजी | |
| ११ | रिता पोखेल भण्डारी | जनप्रेमी मा.वि. शुक्लागण्डकी १२ | परासर आ.वि. व्यास ५ | प्रा.तृ. | | |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा विद्यालयको दोहोरो सहमति र स्थानीय तहको सिफारिस सहित रिक्त दरबन्दीमा सरुवाका लागि पेश भएका निवेदनहरुमध्ये तपसिलका शिक्षकहरुलाई देहाय बमोजिमका विद्यालयमा सरुवा गर्ने निर्णय गरियो ।

| क्र.स. | शिक्षकको नाम | हाल कार्यरत विद्यालय | सरुवा तथा काज सरुवा गरिएको विद्यालय | तह श्रेणी | विषय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वीर वहादुर गुरुङ | राधा मा.वि म्याग्दे २ | वाराही मा.वि. व्यास ११ | मा.तृ. स्थायी | सामाजिक | रिक्त नेपाली विषयलाई परिवर्तन गरी |
| २ | शम्भुलाल थापा | भाष्कर प्रा.वि. ऋषिङ १ | परासर आ.वि. व्यास ५ | प्रा.तृ. स्थायी | | |
| ३ | लक्ष्मी रानाभाट सेढाइ | कल्याणदेवी प्रा.वि. घिरिङ ४ | अमरसिंह मा.वि. व्यास ११ | प्रा.तृ. करार | | |

**निर्णय नं. १३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस व्यास नगर शिक्षा नियमावली २०७४ को परिच्छेद ९ नियम ५० बमोजिम विद्यालय विकास प्रस्तावको आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित सिफारिस भै आएका तपसिलका विद्यालयका शिक्षकहरुलाई ३ (तीन) वर्षका लागि प्र.अ./नि.प्र.अ. पदमा करार नियुक्ति गर्ने निर्णय गरियो ।

| क्र.स. | विद्यालयको नाम ठेगाना | शिक्षकको नाम थर | तह/श्रेणी | कैफियत |
|---|---|---|---|---|
| १ | परासर आ.वि. व्यास ५ | हेम पौडेल | प्रा.द्वि. | नि.प्र.अ. |
| २ | श्याम्घा प्रा.वि. व्यास ६ | श्रीराम न्यौपाने | प्रा.द्वि. | |
| ३ | जनमिलन प्रा.वि. व्यास ११ | संगिता पन्थ | प्रा.तृ. | |
| ४ | जनज्योति प्रा.वि. व्यास ६ | भुपाल सिंह गुरुङ | प्रा.द्वि. | |
| ५ | उदय मा.वि. व्यास ५ | रोहिनी राज पौडेल | नि.मा.द्वि. | नि.प्र.अ. |

| | | | | |
|---|---|---|---|---|
| ६ | वालोपकार प्रा.वि. व्यास ८ | जनक राज सोती | प्रा.द्वि. | |
| ७ | नयाँज्योति प्रा.वि. व्यास ८ | कृष्णचन्द्र मिश्र | प्रा.तृ. | |
| ८ | जनकल्याण प्रा.वि. व्यास ११ | देउबहादुर लौडारी | प्रा.द्वि. | |

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल व्यास नगरपालिका वडा नं. २ स्थित लोकप्रिय स्वास्थ्य क्लिनिकको स्वास्थ्य संस्था नवीकरण सम्बन्धी माग निवेदन अनुसार यस कार्यालयको अनुगमन टोलीले अनुगमन गर्दा उक्त स्वास्थ्य संस्थाले प्रचलित कानून बमोजिम पूरा गर्नुपर्ने न्यूनतम मापदण्डहरु पूरा गरेको भनी प्रतिवेदन प्राप्त हुन आएअनुसार उक्त फर्मको संस्था नवीकरण सम्बन्धी कार्यालयबाट भएका सम्पूर्ण प्रकृयाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं. १० अन्तर्गत दुम्सी बजारमा रहेको दुम्सी शहरी स्वास्थ्य केन्द्रलाई सोही वडाको नयाँ वस्तीमा स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत दर्ता भई सञ्चालनमा रहेका विभिन्न वडाका होमस्टेहरुलाई प्रदेश सरकारबाट पूर्वाधार निर्माणका लागि प्राप्त रकममा प्रदेश सरकारको आयोजना कार्यान्वयन सम्बन्धी कार्यविधी बमोजिम यस नगरपालिकाले व्यहोर्नु पर्ने लागत सहभागिता वापतको रकम सम्बन्धित खर्च शीर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको एकीकृत शहरी विकास योजना (IUDP) निर्माण कार्यको लागि ठेक्का प्राप्त श्री NEST Picasso Urban/JV काठमाण्डौ र यस नगरपालिका बीच भएको सम्झौताको म्याद समाप्त भई यस नगरपालिका नगर कार्यपालिकाको निर्णय अनुसार २०७५।१०।२८ सम्मको लागि म्याद थप गरिएकोमा निर्धारित समय सिमा भित्र मस्यौदा प्रतिवेदन प्राप्त हुन आएको साथै अन्तिम प्रतिवेदन पेश गर्नको लागि ठेक्का प्राप्त श्री NEST Picasso Urban/JV बाट २०७६ आषाढ मसान्तसम्मको म्याद माग गरी आवेदन पेश हुन आएकोले कामको संवेदनशीलतालाई मध्यनगर गरी २०७६ आषाढ २० गतेसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।